"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"
# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति : २०७९।११।०२

## सूचना! सूचना!! सूचना!!!

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन संकलन गर्ने/गराउने बारे अत्यन्त जरुरी सुचना ॥

प्रधानमन्त्री रोजगार कार्यक्रमले श्रमको सम्मान, राष्ट्को अभियान सम्बन्धी रणनीति, २०७८ मा उल्लेख भएका कार्यनीति र कार्यक्रम संचालनका लागि चालु आर्थिक वर्ष २०७९/८० को कार्ययोजना तय गरेको व्यहोरा विदितै छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम यस व्यास न.पा.मा रहेको रोजगार सेवा केन्द्रको समन्वयनमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक "न्यूनतम रोजगार, नागरिकको अधिकार" सम्बन्धी यस विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले २०७९ फागुन १ गते देखि २०७९ फागुन मसान्त भित्रमा आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । निवेदन सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, व्यास न.पा. वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np बाट नि:शुल्क प्राप्त गर्न सकिने छ। निवेदन दिनको लागि न्यूनतम योग्यता र आवश्यक कागजातहरु तपशिल बमोजिम रहेका छन् । सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रमाणित गरेका निवेदनहरुलाई मात्र EMIS मा दर्ता गरिने हुँदा सो बमोजिम गर्नु/गराउनु हुन समेत अनुरोध छ। थप जानकारीका लागि रोजगार सेवा केन्द्र, व्यासमा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपशिल

१. एक आ.व.मा न्यूनतम १०० दिन रोजगारीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम पारिवारिक वार्षिक आय (रु.६१,६००) भन्दा कम आम्दानी रहेका, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा संलग्न भई कार्य गर्न ईच्छुक परिवारका व्यक्तिहरु ।

२. सम्बन्धित व्यक्तिको नागरिकताको फोटोकपि १ प्रति, सम्बन्धित व्यक्तिको फोटो १ प्रति

३. परिवारका सम्पूर्ण सदस्यको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नं. र जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था, सामाजिक सुरक्षा भत्ता बुझ्ने/नबुझ्केको)

४. आवश्यकतानुसार विवाह दर्ता वा बसाइंसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि (अन्य वडा/पालिका/जिल्लाको हकमा)

५. सम्बन्धित व्यक्ति वा परिवारको सम्पर्क नम्बर (अनिवार्य)

६. सामाजिक र आर्थिक अवसरबाट वञ्चित बेरोजगार व्यक्तिहरुलाई विशेष प्रोत्साहन गरिने ।

२०७९।११।२

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत